४. छात्राहरूलाई दुर्व्यवहार

१९ प्रतिशत विद्यार्थीले दुर्व्यवहार सम्बन्धी गुनासोहरू सुझाव पेटीकामा राखेका छन् ।

समस्याहरू–

- केटाहरूले जिस्क्याउने (३ वटा विद्यालय)
- शिक्षकले गलत तरिकाले व्यवहार गर्ने (२ वटा विद्यालय)
- गिज्याउने (३ वटा विद्यालय)
- छेडखान गर्ने (२ वटा विद्यालय)

अपनाइएको समाधान

- विद्यार्थीहरूलाई एकै ठाँउमा राखेर जिस्क्याउने सम्बन्धमा छलफल तथा परामर्शको थालनी (१ वटा विद्यालय)
- केटाहरूलाई परामर्श (१ वटा विद्यालय)
- शिक्षकको व्यवहारबारे शिक्षक तथा प्रअ बीच छलफल गरिएको (१ वटा विद्यालय)
- शिक्षकको व्यवहारबारे जिल्ला शिक्षा कार्यालयले स्पष्टिकरण लिएको (१ वटा विद्यालय)

जनता जनार्दन उच्चमाविका छात्राले आफूहरूमाथि शिक्षकबाट दुर्व्यवहार भएको गुनासो गरेपछी जिल्ला शिक्षा कार्यालयले उक्त शिक्षकलाई कार्यालयमा बोलाएर स्पस्टिकरण लिएको र अब उपरान्त त्यस्तो व्यवहार नगर्ने सर्तमा छाडिएको छ ।

५. भेदभाव तथा असमानता

१२ प्रतिशत विद्यार्थीले विद्यालयमा भेदभाव हुने गरेको उजुरी गरेका छन् ।

समस्याहरू–

- छोरा र छोरी बीच भेदभाव गरेको (२ वटा विद्यालय)
- असमान व्यवहार भएको (१ वटा विद्यालय)
- विद्यालयमा छात्र छात्रा बीच भेदभाव भएको (१ वटा विद्यालय)

अपनाइएको समाधान

- सबैपक्षसँग छलफल र समान व्यवहारको थालनी (२ वटा विद्यालय)
- विद्यालयमा हुने विभेद अन्त्य गरी नमुना बनाइने (१ वटा विद्यालय)
- विभेद अन्त्य गर्न छात्रा शिक्षाबारे वक्तृत्वकला सञ्चालन (१ वटा विद्यालय)

सिमचौर मावि छिडिखानका विद्यार्थीहरूको गुनासालाई सम्बोधन गर्न विद्यालयले अभिभावक र शिक्षकलाई सचेत गराएको छ ।

त्यस्तै कर्कटेश्वर मावि काटले विभिन्न पक्षहरूलाई एकैठाउँमा राखि विद्यार्थीका गुनासो सम्बन्धमा अन्तरक्रिया गरेको छ ।

६. खेलकुद सामग्रीको अभाव

कुल गुनासोमध्ये ७ प्रतिशत गुनासोमा खेलकुद सामग्री अभाव भएको र व्यवस्था गर्न माग गरिएको छ । दुईवटा विद्यालयमा खेलकुद सामग्री नभएको गुनासो विद्यार्थीले गरेका छन् ।

अपनाइएको समाधान

- एउटा विद्यालयले खेलकुद सामग्री व्यवस्था गर्ने निर्णय गरेको छ ।

कृष्ण मावि दहका विद्यार्थीले विद्यालयमा खेलकुद सामग्रीको अभाव रहेको गुनासो गरेका छन् । शिक्षक-कर्मचारी र वि.व्य.स.सँग छलफल गरी आवश्यक योजना निर्माण गरेको छ । जसअनुसार दशैं-तिहारपछि खेलकुद सामग्री खरिद गर्ने भएको छ ।





विद्यार्थीले गुनासो पेटीका राखेको गुनासो

विद्यार्थीहरूको गुनासो एक अध्ययन

डोटी जिल्लाका माध्यमिक विद्यालयहरूबाट प्राप्त विद्यार्थीहरूका गुनासोको अध्ययन

unicef

EDUCATIONAL एजुकेशनल पेजेज Pages

जिल्ला शिक्षा कार्यालय डोटीले विद्यालयमा छात्रा शिक्षा हेर्ने लैङ्गिक सम्पर्क व्यक्ती तोकेको छ। जिल्लाका ७९ माध्यामिक विद्यालयहरू मध्ये ७१ विद्यालयहरूमा त्यस्ता फोकल व्यक्ति तोकिएका छन्। त्यस्तै छात्रा शिक्षा सञ्जाल डोटीको अग्रसरता तथा जिल्ला शिक्षा कार्यालयको निर्देशनमा ५० वटा माध्यमिक विद्यालयहरूमा छात्रा लक्षित गुनासो सुनुवाईका लागि सुझाव पेटीकाको व्यवस्था गरिएको छ। त्यस्ता सुझाव पेटीकामा प्राप्त हुने सुझावहरूलाई सम्बन्धित विद्यालयको जेन्डर फोकल व्यक्ति तथा विद्यालयले सम्बोधन गर्ने अभ्यास डोटीका माध्यमिक विद्यालयलहरूले थालेका छन्। सुझाव पेटीका राखेपछि विद्यालयमा प्राप्त सुझावहरूलाई संकलन गरी बालबालिकाहरूको गुनासोहरूको सुनुवाई गर्ने प्रयास भएको छ।

यस अध्ययनले ति विद्यालयहरूमा प्राप्त गुनासोहरूको संक्षिप्त रूपमा वर्गीकरण तथा त्यसलाई सम्बोधन गर्न भएका प्रयासलाई देखाएको छ। दुई महिनाको अवधिमा ३१ विद्यालयवाट १४५ वटा गुनासोहरू प्राप्त भएका थिए। १८ वटा विद्यालयमा कुनै गुनासो आएको थिएन। त्यस्ता विद्यालयका विद्यार्थीहरूमा गुनासो भए पेटीकामा राख्न सहजिकरण थालिएको छ। विद्यार्थीहरूको गुनासो प्राप्त भएका विद्यालयमध्ये ७४ प्रतिशत विद्यालयले प्राप्त गुनासोमा कुनै न कुनै समाधानको प्रयास गरेका छन्। सुनादेवी उमावि लडागडामा गुनासो पेटीका नै चोरी भएको छ।

स्थानीय स्रोत व्यक्ति मार्फत संकलित विद्यालयगत सूचना तथा गुनासोपत्रबारे विद्यालयले दिएको विवरणको आधारमा यो अध्ययन गरिएको छ।

प्राप्त गुनासाहरूलाई निम्न प्रमुख ६ प्रकारमा वर्गीकरण गरि अध्ययन गरिएको छ :

- **शौचालय सम्बन्धी**
- **पठन-पाठनमा विभेद तथा समस्या सम्बन्धी**
- **छात्रा लक्षित स्वास्थ्य तथा सरसफाई**
- **छात्राहरूलाई दुर्व्यवहार**
- **भेदभाव तथा असमानता**
- **खेलकद सामग्रीको अभाव**

प्राप्त भएका गुनासोको वर्गीकरण तालिका

गुनासोका प्रकार	गुनासोको प्रतिशत	विद्यालयको प्रतिशत
शौचालय सम्बन्धी	२४	३२
अव्यवस्थित शौचालय	१६	१९
छात्रा शौचालय अभाव	८	१३
पठन-पाठनमा विभेद तथा समस्या सम्बन्धी	२२	३४
घरको कामले गर्दा पढ्न नपाएको		१२
विद्यालयका विद्यार्थी बीच विभेद हुनेगरेको		६
केचिङ कक्षा सञ्चालन नभएको		१०
विद्यालय घरबाट टाढा हुँदा पढ्न असजिलो भएको		३
अभिभावकबाट घरमा पढ्न छोरा र छोरी बीच विभेद		३
छात्रा लक्षित स्वास्थ्य तथा सरसफाई	१६	१८
छात्राहरूलाई दुर्व्यवहार	१९	२५
भेदभाव तथा असमानता	१२	६
खेलकुद सामग्रीको अभाव	७	६

प्राप्त भएका गुनासोहरू अध्ययन

१. शौचालय सम्बन्धी

- **शौचालयको अव्यवस्था**

समस्याहरू–

१६ प्रतिशत विद्यार्थीले शौचालयमा फोहोर भएको तथा पानी नभएको गुनासो गरेका छन्। शौचालय फोहोर हुँदा र पानी नहुँदा छात्राहरूलाई महिनावारीहुँदा कस्ट हुनेगरेको गुनासो गरेका छन्। ६ वटा विद्यालयमा यस्तो गुनासो गरेका छन्।

अपनाइएको समाधान

- नवोदय उमावि गड्सेरामा शिक्षकहरू बीचमा छलफल गरी बिहानको प्रार्थना समयमा विद्यालय सरसफाई थालिएको छ।
- त्यस्तै केदार मावि खसरेमा कक्षागत समूह बनाएर तालिकाअनुसार सरसफाई गर्ने गरिएको छ।
- रामपुर उमावि बुडरमा बालक्लबबाट निःशुल्क प्याड वितरण र छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था विद्यालयले गरेको छ।
- शाजेन्द्रेश्वर उमावि फुलौटले छात्रा शौचालय मर्मत गर्ने निर्णय गरेको छ भने मंगलेक उमावि तिखाले अस्थाई रूपमा छात्रा शौचालय बनाएको र छात्रा शौचालय निर्माणको लागि जि.शि.का.मा लेखी पठाएको छ।

- **छात्रा शौचालय अभाव**

समस्याहरू–

प्राप्त गुनासोहरू मध्ये ८ प्रतिशत विद्यार्थीले छात्रा शौचालय नभएको गुनासो गरेका छन्। ४ वटा विद्यालयमा छुट्टै छात्रा शौचालय नभएको गुनासो गुनासो पेटीकामा परेको छ।

२. पठन-पाठन सम्बन्धी

समस्याहरू–

२२ प्रतिशत पठन-पाठन सम्बन्धी गुनासो विद्यार्थीले गरेका छन्। जसअनुसार मुख्यतः

- घरको कामले गर्दा पढ्न नपाएको (४ वटा विद्यालय)
- विद्यालयमा विद्यार्थी बीच विभेद हुनेगरेको (२ वटा विद्यालय)
- केचिङ कक्षा सञ्चालन गर्नु पर्ने (३ वटा विद्यालय)
- विद्यालय घरबाट टाढा हुँदा पढ्न असजिलो भएको (१ वटा विद्यालय)
- अभिभावकबाट छोरा र छोरी बीच घरमा पढ्न विभेद (१ वटा विद्यालय)

अपनाइएको समाधान

- अभिभावकसँग छलफल गरी घरमा पढ्ने समय उपलब्ध गराउन परामर्श (२ वटा विद्यालय)
- विभेद न्यून गर्न विद्यालय नै नमुना बन्ने प्रयास (२ वटा विद्यालय)
- कोचिङकक्षा सञ्चालन (२ वटा विद्यालय)
- छात्रावाशमा छात्राको लागि बस्ने व्यवस्था (१ वटा विद्यालय)
- अभिभावक भेला मार्फत परामर्श (२ वटा विद्यालय)

महासरस्वती मावि देउथलाका विद्यार्थीले घरमा पढ्ने समय नपाएको र आमावुवा तथा भाउजुले काम मात्र गर भन्ने गरेको गुनासो गरेका छन्। त्यस्ता परिवारलाई प्रअ तथा शिक्षकले भेटेर सम्झाएको र विद्यालयको कार्यक्रममा बोलाएर सहभागी गराई परामर्श कार्य सुरूगरेको छ।
त्यस्तै गौरीशंकर मावि गैराका छात्राहरूले विद्यालय टाढा भएको गुनासो गरेपछी विद्यालयले छात्राहरूका लागि समेत छात्रावाशको व्यवस्था गरेको छ।
राधाकृष्ण उमावि गोपघाट र कृष्ण मावि दहका छात्राहरूले कोचिङ कक्षाको माग गरेपछि कृष्ण माविले दशैं-तिहारपछि त्यस्तो कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ। राधाकृष्ण उमाविले भने कोचिङ कक्षाबारे छलफल गरिरहेको छ।

३. छात्रा लक्षित स्वास्थ्य तथा सरसफाई

१६ प्रतिशत विद्यार्थीले महिनावारी हुँदा समस्या परेको गुनासो राखेका छन्। ५ वटा विद्यालयबाट प्राप्त सो गुनासोहरूमा निम्न समस्या देखाएका छन् –

समस्याहरू–

- महिनावारी भएको बेलामा कक्षामा बस्न असजिलो भएको (१ वटा विद्यालय)
- प्याड उपलब्ध नभएको (२ वटा विद्यालय)
- पेट दुख्ने (१ वटा विद्यालय)
- शौचालयमा पानी नहुने (३ वटा विद्यालय)

अपनाइएको समाधान

- बसाइ फराकिलो बनाइएको (१ वटा विद्यालय)
- प्याडको व्यवस्थाको लागि अभिभावकसँग छलफल (२ वटा विद्यालय)
- बालक्लवले प्याडको व्यवस्था गरेको (१ वटा विद्यालय)

रामपुर उमावि बुडरका बालकल्वले निःशुल्करूपमा प्याडको व्यवस्था गरेका छन्। पपमुना उमावि सिलगढीमा शौचालयमा पानी र सरसफाईको व्यवस्था गरिएको छ।
झिमेमालिका उमावि वायलले छात्राहरूको महिनावारीलाई ध्यानमा राख्दै बसाई फराकिलो बनाएको छ भने प्याडको लागि अभिभावकसँग छलफल चलाएको छ।